# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८४/२०८२/०८३

## मितिः २०८२।०९।३० गते बसेको बैठक

**प्रस्तुत विषयमा कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको ८४ औं बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्गनामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा छलफल गरियो।**

**बैठक बसेको समयः बिहान ८:०० बजे।**

## तपसिल

| प्रस्तावको विषय | प्रस्ताव नं. |
|---|---|
| अघिल्लो गाउँ कार्यपालिकाको बैठक समिक्षा सम्बन्धमा। | १ |
| संघीय समपूरक आयोजना तथा कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धमा। | २ |
| संघीय विशेष आयोजना तथा कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धमा। | ३ |
| आ.व.०८१/०८२ को योजनाहरुको VO गर्ने सम्बन्धमा। | ४ |
| घरनक्सा अभिलेखीकरण गर्ने सम्बन्धमा। | ५ |
| करार कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धमा। | ६ |
| लालिगुराँस नगरपालिकाले कानेपोखरी गाउँपालिकालाई हस्तान्तरण गरेको चार पाङ्ग्रे गाडी स्वीकार गर्ने सम्बन्धमा। | ७ |
| लालिगुराँस नगरपालिकाले कानेपोखरी गाउँ पालिकालाई हस्तान्तरण गरेको चार पाङ्ग्रे गाडी मर्मत गर्ने सम्बन्धमा। | ८ |
| न्यायिक परामर्श सेवा खरिद सम्बन्धमा। | ९ |
| चार पाङ्ग्रे सवारी साधन गाडीको भुक्तानी अनुमोदन सम्बन्धमा। | १० |
| तहवृद्धि सिफारिस समिति गठन सम्बन्धमा। | ११ |
| कानेपोखरी गाउँपालिकाको अव्यवस्थित विधुत्तीय पोल व्यवस्थापन गर्ने सम्बन्धमा। | १२ |
| २ पाङ्ग्रे सवारी साधन खरिद गर्ने सम्बन्धमा। | १३ |
| गाउँपालिका अध्यक्षज्यूको भ्रमण आदेश अनुमोदन गर्ने सम्बन्धमा। | १४ |
| उद्यमी सहकारीसँग साझेदारी कार्यक्रम सञ्चालन सम्बन्धमा। | १५ |
| ३ पाङ्ग्रे ई-रिक्सा वितरण कार्यक्रम सम्बन्धमा। | १६ |
| कानेपोखरी अस्पतालको O&M सर्वेक्षण गर्ने सम्बन्धमा। | १७ |
| विपद व्यवस्थापन तथा मर्मत खर्च अनुमोदन गर्ने सम्बन्धमा। | १८ |
| संगठन तथा व्यवस्थापन सर्वेक्षण(O&M) गर्ने सम्बन्धमा। | १९ |
| सिंचाई एवम् घरबत्तीको लागि लाईन विस्तार गर्न लागत सहभागिता गर्ने सम्बन्धमा। | २० |
| विविध। | २१ |

**गाउँपालिका**
**अध्यक्ष**

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८४/२०८२/०८३

## मितिः २०८२।०९।३० गते बसेको बैठक

उपरोक्त बमोजिमका प्रस्तावहरु कानेपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत् मिति २०८२।०९।२८ गते जानकारी भयो।

| | | | |
|---|---|---|---|
| गाउँपालिका उपाध्यक्ष | १ नं. वडा अध्यक्ष | २ नं. वडा अध्यक्ष | ३ नं. वडा अध्यक्ष |
| ४ नं. वडा अध्यक्ष | ५ नं. वडाध्यक्ष | ६ नं. वडा अध्यक्ष | ७ नं. वडा अध्यक्ष |

**<u>गाउँ कार्यपालिकाका सदस्यहरुः</u>**

| | | | |
|---|---|---|---|
| पदम कुमारी कार्की | साउनी माझी | सुशिला श्रेष्ठ | प्रमिला परियार |
| झपटुलाल राजबंशी | सुफल मुर्मु सतार | | |

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८४/२०८२/०८३

## मितिः २०८२।०९।३० गते बसेको बैठक

**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्गनामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी पूर्व निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन मितिः २०८२।०९।३०

बैठक सञ्चालन स्थानः कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, भौंसाबारी, मोरङ।

बैठक बसेको समयः बिहान ८:०० बजे।

उपस्थिति

| सि.नं. | पदाधिकारीहरुको नाम थर | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री राजमती इङ्गनाम | गाउँपालिका अध्यक्ष | |
| २. | श्री भोला प्रसाद अधिकारी | गाउँपालिका उपाध्यक्ष | |
| ३. | श्री रत्न बहादुर कार्की | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री सुशील बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री गोपाल बहादुर कार्की | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री रमेश राउत | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री चरण गुरुङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री खड्गबहादुर बस्नेत | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री मोहनप्रसाद अधिकारी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री पदमकुमारी कार्की | गाउँ कार्यपालिका सदस्य | |
| ११. | श्री सुशिला श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १२. | श्री प्रमिला परियार | गाउँ कार्यपालिका सदस्य | |
| १३. | श्री साउनी माझी | गाउँ कार्यपालिका सदस्य | |
| १४. | श्री झपटुलाल राजबंशी | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री सुफल मुर्मु सतार | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री हिराकुमारी यादव, प्रमुख प्र.अधिकृत | गाउँ कार्यपालिका सचिव | |

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८४/२०८२/०८३
# मितिः २०८२।०९।३० गते बसेको बैठक

## निर्णय नं.(१)

प्रस्ताव नं.(१) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिका बैठकको गणपुरक संख्या पुरा भएको हुँदा बैठक संचालन प्रकृया अघि बढाई अघिल्लो बैठकको निर्णयहरुको समिक्षा तथा बिश्लेषण गरियो।

## निर्णय नं.(२)

प्रस्ताव नं.(२) का सम्बन्धमा छलफल गर्दा संघीय सरकारबाट स्थानीय तहलाई प्राप्त हने समपूरक अनुदान अन्तर्गतका अघिल्लो आ.व.२०८१।०८२ को ड्रेन सहितको सडक स्तरोन्नती तथा कालोपत्रे आयोजनामा (१ नं. वडा देखि ७ नं. वडा सम्म) यस आ.व.मा सञ्चालन नगर्नु पर्ने भएकाले र आ.व.२०८२।०८३ को कानेपोखरी गाउँपालिका वडा नं. ३ देखि वडा नं. ७ सम्म कालोपत्रे सडक योजनाको लागि पेश गरिएको योजनामा ९७ लाख मात्र विनियोजन भएकोमा बजेट अनुसार माग गरिएको सम्पूर्ण योजनाहरु समेटेर ठेक्का आह्वान गरिएको र गाउँपालिकाले थप रकम विनियोजन गरी कार्य सम्पन्न गर्ने निर्णय भएअनुसार गत आवमा माग भएका योजनाहरुमा थप रकम आवश्यक नभएकाले आ.व.२०८३।०८४ मा यस गाउँपालिका अन्तर्गत संचालन हुने तपसिल बमोजिमका नयाँ आयोजनाहरु छनौट गरी सिफारिस गर्ने निर्णय सर्वसम्मत निर्णय पारित गरियो।

<u>तपसिल</u>

➢ **<u>संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (समपूरक अनुदान तर्फ)</u>**

१. **<u>कानेपोखरी गाउँपालिका वडा नं. १ र वडा नं. २ कालोपत्रे सडक आयोजना।</u>**
   * **अनुमान कूल लागत अनुमान रु.६,६८,१३,७२५.६७।–(६.९१ कि.मि.)**
     - रंजनी माइनरको चौताराबाट राधाकृष्ण मन्दिर हुँदै बेलबारी-७ को सीमाना सम्मको सडक कालोपत्रे आयोजना, वडा नं.१
     - जिल्ला सडक हुँदै सेतेचोक अमरमार्ग कालोपत्रे आयोजना वडा नं.१
     - धाबीटोल मैनाबारी सडक कालोपत्रे आयोजना, वडा नं.२
     - चिउरामिल दोगडिया सडक कालोपत्रे आयोजना, वडा नं.२

२. **<u>कानेपोखरी गाउँपालिका (वडा नं३ देखि ७ सम्म) सडक कालोपत्रे आयोजना।</u>**
   * **कूल लागत अनुमान रु.६,४४,१९,४९९.७१।–(६.६४ कि.मि.)**
     - पच्चिसविघे प्रोगेसिभ अमरडाँडा सडक कालोपत्रे, वडा नं.७
     - अमरडाँडा दक्षिण सुन्तोली विद्यालय दक्षिण हुँदै डाँसखोला सडक कालोपत्रे आयोजना, वडा नं.६
     - त्रिवेणीचोक भौंसाबारी कालोपत्रे आयोजना, वडा नं.४
     - भिमराजवंशीको घर हुँदै इन्द्रगेलालको घरहुँदै पिपल चोकसम्म,इन्द्रगेलालको घरदेखी देलेली जोड्ने सडक कालोपत्रे आयोजना, वडा नं.३
     - केबी अधिकारीको घरदेखी यादवटोल सम्म सडक कालोपत्रे आयोजना, वडा नं.५

## निर्णय नं.(३)

प्रस्ताव नं.(३) का सम्बन्धमा छलफल गर्दा संघीय सरकारबाट स्थानीय तहलाई प्राप्त हने विशेष अनुदान अन्तर्गतका आ.व.२०८३।०८४ को तपसिल बमोजिमको आयोजना/कार्यक्रम छनौट गरी सिफारिस गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

<u>तपसिल</u>

➢ **<u>संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान तर्फ)</u>**

१. वडा नं.२ देखि वडा नं.७ सम्म खानेपानी पाईप गडान तथा विस्तार क्रमागत योजना।
   (कूल लागत रु.३ करोड)
२. श्री बाल मा.वि.को भवन निर्माण,कानेपोखरी-३ (कूल लागत अनुमान रु.३ करोड)

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८४/२०८२/०८३
# मितिः २०८२।०९।३० गते बसेको बैठक

**निर्णय नं.(४)**

प्रस्ताव नं.(४) का सम्बन्धमा छलफल गर्दा यस कानेपोखरी गाउँपालिकाको आ.व.०८१/०८२ को तपसिल बमोजिमको आयोजनाहरुको VO गर्ने सर्वसम्मतबाट पारित गरियो।

<u>तपसिल</u>

१) Construction of Construction of Bituminous Road (Asphalt Concrete) at Ward Office to Radhakrishna Mandir Tole Road Section, Kanepokhari -1, Kalisthan to Majhi Tole Road Section, Panch Pokhari to Bohora Tole Road Section, Kanepokhari -2, Milan Chowk to Mangalbare Harakpur Road Section, Kanepokhari -3 & Construction of Drain and Sub-Base Works at District Road-Sete Chowk-Ammar Marga Road Section, Kanepokhari -1, Salbale Chowk East Road Section, Kanepokhari -3, Dhamkhuwa to Rimal Chowk Road Section, Kanepokhari -4, KRM 1,2,3,4 Contract No: KRM/NCB/08/CIVIL/2080/81(IFB No. KRM/NCB/06/CIVIL/2080/81) **निर्माण कार्यको**

१) वडा नं २ बाघे झोडामा भएको कल्भर्ट ५ मि चौडाईको मात्र भएकोले स्थानीयबासीको तथा वडाको माग अनुसार ६ मिटर चौडाई बनाउनु पर्ने

२) वडा नं. १, २, ३ र ४ मा रहेका सडकको नाली/साईट कण्डिसनअनुसार उचाई बढाउनु पर्ने, यसो गर्दा उचाईको अनुपातमा टप र बटमको चौडाई बढाउनु पर्ने

३) लागत अनुमानमा तोकिएर प्रस्ताब भएका स्थानहरुमा ह्युमपाईप राख्न नमिलेका कारण ह्युमपाईपहरुको साईज तथा परिमाण घट बढ गर्न पर्ने ।

४)सर्फेसका कामहरु पनि साईटको अवस्था अनुसार चौडाई घटबढ हुने भएकोले

लागत अनुमानमा रहेका परिमाणहरु हालको साइट को अवस्था अनुसार थप घट गर्न पर्ने भएको/ देखिएकोले इस्टमेट अनुसार (सम्झौता/ बिओक्यु) अनुसारको परिमाण घटबढ हुने भई सोही अनुसार BoQ मा नबढ्ने गरी तयार हुने संसोधित लागत अनुमान अनुसार संसोधित सम्झौता (शुरु सम्झौतामा घटी/बढी) (भिओ) स्वीकृत गरी सोहि अनुसार कार्य सम्पन्न गराउन गाउँ कार्यपालिकाको कार्यालय तथा पूर्वाधार विकास शाखालाई निर्देशन दिने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

२) Construction of Drain and Sub-Base at Narayan Chowk North Bihibare Harakpur section,Bituminous Road (Asphalt Concrete) atChhakamal Tole To Bihari Tole And Dakini Culvert to Safilal Road Section,Bituminous Road (Asphalt Concrete) and Drain at Campus Danda Bhausabari Sundarbasti Road, Bituminous Road (Asphalt Concrete) at Narsary Tole East To Culvert Road Section,Bituminous Road (Asphalt Concrete) at Kamat tole-Kishan Tole-Bargachhi Sukuna Culvert Road Section,Sub-Base and Drain at Pachhis Bighe-Progressive Tole-Ammar Danda Road Section,Bituminous Road (Ashphal Concrete) at Aaitabare Sukrabare Road Section,Bituminous Road (Asphalt Concrete) at Aaitabare To 7 No Woda Karyalaya, KRM 4,5,6,7. Contract No. KRM/NCB/09/CIVIL/2080/81 (IFB No. KRM/NCB/06/CIVIL/2080/81) निर्माण कार्यको

१)वडा नं. ४, ५, ६ र ७ मा रहेका सडकको नाली/ वालको साईट कण्डिसनअनुसार उचाई बढाउनु पर्ने, यसो गर्दा उचाईको अनुपातमा टप र बटमको चौडाई बढाउनु पर्ने।

२)लागत अनुमानमा तोकिएर प्रस्ताव भएका स्थानहरुमा ह्युमपाईप राख्न नमिलेका कारण ह्युमपाईपहरुको साईज तथा परिमाण घट बढ गर्न पर्ने ।

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८४/२०८२/०८३
# मितिः २०८२।०९।३० गते बसेको बैठक

३)सर्फेसका कामहरु पनि साईटको अवस्था अनुसार चौडाई घटबढ हुने भएकोले,

लागत अनुमानमा रहेका परिमाणहरु हालको साइटको अवस्था अनुसार थप घट गर्न पर्ने भएको/देखिएकोले इस्टिमेट अनुसार (सम्झौता/ बिओक्यु) अनुसारको परिमाण घटबढ हुने भई सोही अनुसार BoQ मा नबढ्ने गरी तयार हुने (शुरु लागतमा घटी/बढी) संसोधित लागत अनुमानको संसोधित सम्झौता (शुरु सम्झौतामा घटी/बढी) (भिओ) स्वीकृत गरी सोही अनुसार कार्य सम्पन्न गराउन गाउँ कार्यपालिकाको कार्यालय तथा पूर्वाधार विकास शाखालाई निर्देशन दिने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

**निर्णय नं.(५)**

प्रस्ताव नं.(५) का सम्बन्धमा छलफल गर्दा यस कानेपोखरी गाउँपालिका क्षेत्रभित्र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २७ विपरित नक्सा पास नगरी साथै यस "गाउँपालिकाको भवन निर्माण मादण्ड,२०७४" बमोजिम मापदण्ड विपरीत निर्माण भएका/निर्माण ईजाजत नलिई निर्माण भएका आवसीय, व्यावसायिक,सरकारी,सार्वजनिक मठ-मन्दिर तथा अन्य भवनहरुको अभिलेख राख्न नक्सा पास प्रकृयामा नआई पहिले नै बनेका घरहरुका "घरनक्सा अभिलेखीकरण सम्बन्धी मापदण्ड/कार्यविधि,२०७७" को दफा ३ बमोजिम अनुसूची-१ अनुसार घरनक्सा अभिलेखिकरण व्यवस्थित तथा वैधानिकीकरण गर्न घर/भवनहरुको नक्सापास गराउनको लागि मिति २०८३ साल असार मसान्त सम्मस समयावशि तोकी घर नक्सा पास अभिलेखीकरण गराउने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(६)**

प्रस्ताव नं.(६) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाको कार्यालय अन्तर्गतका विभिन्न शाखाहरुमा करार सेवामा कार्यरत तपसिल बमोजिमको कर्मचारीहरुको यही मिति २०८२।१०।०१ गते देखी मिति २०८३ सालको असार मसान्त सम्म म्याद थप गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।साथै म्याद थप गर्ने कर्मचारीहरुको सूची यस निर्णय साथ संलग्न गरिएको छ।

**तपसिल**

| क्र.स | नाम,थर | पद | कैफियत |
|---|---|---|---|
| १ | अलङ गुरुङ | (सूचना प्रविधि अधिकृत) | |
| २ | अनिशा आचार्य | (परिवार परामर्शकर्ता) | |
| ३ | रमेश अधिकारी | (रोजगार परामर्शकर्ता) | |
| ४ | रोजिना भट्टराई | (कृषि स्नातक) | |
| ५ | इन्दिरा बाँस्कोटा | (मनोसामाजिक परामर्शकर्ता) | |
| ६ | चुडामणि कोइराला | (एम.आई.एस अपरेटर) | |
| ७ | भवानी शङ्कर कोइराला | (नायव पशु स्वास्थ्य प्राविधक) | |
| ८ | मिथिलेश मण्डल | (सामाजिक परिचालक) | |
| ९ | रविन अधिकारी | (सामाजिक परिचालक) | |

**कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८४/२०८२/०८३**
**मितिः २०८२।०९।३० गते बसेको बैठक**

| | | | |
|---|---|---|---|
| १० | सागर खत्री | (वित्तिय साक्षरता सहजकर्ता) | |
| ११ | सुर्य कुमार अधिकारी | (अमिन) | |
| १२ | स्नेहा श्रेष्ठ | (प्राविधिक सहायक) | |
| १३ | संगीता कार्की | (नायव प्राविधक सहायक) | |
| १४ | सविता राजवंशी | (उद्यम विकास सहजकर्ता) | |
| १५ | सुशिला कुमारी धिमाल | (रोजगार संयोजक) | |
| १६ | युवराज भुजेल | (नगर प्रहरी हवल्दार) | |
| १७ | थिर बहादुर कटुवाल | (नगर प्रहरी जवान) | |
| १८ | यज्ञ बहादुर सुनुवार | (नगर प्रहरी जवान) | |
| १९ | सञ्चराज नेम्बाङ्ग | (नगर प्रहरी जवान) | |
| २० | सन्दीप कुमार चौधरी | (नगर प्रहरी जवान) | |
| २१ | सुनिल कुमार धिमाल | (नगर प्रहरी जवान) | |
| २२ | सोमबहादुर धिमाल | (नगर प्रहरी जवान) | |
| २३ | केदारनाथ लुइँटेल | (दमकल सवारी चालक) | |
| २४ | पशुपति माझी | (हलुका सवारी चालक) | |
| २५ | विजय माझी | (हलुका सवारी चालक) | |
| २६ | अनिता धिमाल | (कार्यालय सहयोगी) | आयुर्वेद |
| २७ | झरना खत्री खड्का | (कार्यालय सहयोगी) | वडा नं. ५ |
| २८ | दिपक ऋषिदेव | (कार्यालय सहयोगी) | वडा नं. ६ |
| २९ | पदम प्रसाद भट्टराई | (कार्यालय सहयोगी) | अध्यक्ष |
| ३० | पुष्प बहादुर कार्की | (कार्यालय सहयोगी) | वडा नं. २ |
| ३१ | प्रदिप पाण्डे | (कार्यालय सहयोगी) | प्रशासन |
| ३२ | बालेश्वर ठाकुर | (कार्यालय सहयोगी) | वडा नं. ४ |
| ३३ | महेश मल्लिक | (कार्यालय सहयोगी) | अस्पताल |
| ३४ | रिनु सावाँ (लिम्बु) | (कार्यालय सहयोगी) | दर्ता चलानी |
| ३५ | विनिता माझी | (कार्यालय सहयोगी) | वडा नं. ५ |
| ३६ | शोभा ऋषिदेव | (कार्यालय सहयोगी) | वडा नं. १ |
| ३७ | सम्झना धिमाल | (कार्यालय सहयोगी) | वडा नं. ३ |
| ३८ | सानु चौधरी | (कार्यालय सहयोगी) | लेखा शाखा |
| ३९ | सुस्तिका जोगी | (कार्यालय सहयोगी) | वडा नं. ७ |

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८४/२०८२/०८३
# मितिः २०८२।०९।३० गते बसेको बैठक

| | | | |
|---|---|---|---|
| ४० | मन्दिरा भण्डारी | (कार्यालय सहयोगी) | अस्पताल |
| ४१ | नरीमाया विष्ट | (कार्यालय सहयोगी) | अस्पताल |
| ४२ | दिनेश थापा | (कार्यालय सहयोगी) | |
| ४३ | अनिल गिरी | (अपाङ्गता सहायता सहजकर्ता) | |
| ४४ | मिलन जोगी | (इलेक्ट्रिसियन) | |
| **अस्पताल तर्फका करार कर्मचारीहरु** | | | |
| **क्र.स.** | **नामथर** | **पद** | **कैफियत** |
| १ | डा. अभिजित खड्का | (मेडिकल अधिकृत) | |
| २ | डा. राशिका जोशी | (मेडिकल अधिकृत) | |
| ३ | उमा दाहाल | (अ.न.मी.) | |
| ४ | कल्पना तामाङ | (अ.न.मी.) | |
| ५ | पिङ्कु पराजुली | (हे.अ) | |
| ६ | रमिला गौतम | (अ.हे.व.) | |
| ७ | रोशन राजवंशी | (फार्मेसी सहायक) | |
| ८ | सागर आचार्य | (हे.अ) | |
| ९ | उर्मीला मुदेल सार्की | (सहायक कम्प्युटर अपरेटर) | |
| १० | अर्विन राजवंशी | (सहायक कम्प्युटर अपरेटर) | |
| ११ | जानुका शाह | (फार्मेसी सहायक) | |
| १२ | जीवन खड्का | (फार्मेसी सहायक) | |
| १३ | महेश शाह | (ल्याब टेक्निसियन) | |
| १४ | वर्षा धिमाल | (अ.न.मी.) | |
| १५ | राजीव कार्की | (हेल्थ असिस्टेण्ट) | |
| १६ | अस्मिता राई | (ल्याब असिस्टेण्ट) | |
| १७ | निशा राजभण्डारी | (ल्याब असिस्टेण्ट) | |
| १८ | भोला विक्रम लिम्बु | (रेडियोग्राफर) | |
| १९ | सन्दीप पाण्डे | (रेडियोग्राफर) | |
| २० | बिवेक कार्की | फार्मेसी सहायक | |
| २१ | प्रदुम मण्डल | फार्मेसी सहायक | |
| २२ | दिपिका पौडेल | हेल्थ असिष्टेण्ट | |
| २३ | मनिषा कार्की | स्टाफ नर्स | |

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८४/२०८२/०८३
# मितिः २०८२।०९।३० गते बसेको बैठक

**निर्णय नं.(७)**

प्रस्ताव नं.(७) का सम्बन्धमा छलफल गर्दा लालिगुराँस नगरपालिकाले कानेपोखरी गाउँपालिकालाई हस्तान्नतरण गरेको बा.२ झ १२८३ नम्बरको टाटा जेनुन चार पाङ्ग्रे गाडी मर्मत गरेर मात्र प्रयोग गर्न सकिने अवस्थामा रहेको हुँदा कानेपोखरी गाउँपालिकाले नै मर्मत गरी प्रयोग गर्ने शर्तमा स्वीकार गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(८)**

प्रस्ताव नं.(८) का सम्बन्धमा छलफल गर्दा लालिगुराँस नगरपालिकाले कानेपोखरी गाउँपालिकालाई हस्तान्नतरण गरेको चार पाङ्ग्रे गाडी बिग्रिएको अवस्थामा रहेकोमा सो गाडीको मर्मत गर्न प्राविधिकबाट चेकजाँच गरी पेश भएको न्यूनतम लागत अनुमान रकम करिब रु.९,००,०००।—(अक्षेरुपी नौ लाख) खर्च लेख्ने गरी मर्मत गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(९)**

प्रस्ताव नं.(९) का सम्बन्धमा छलफल गर्दा गाउँपालिकाको न्यायिक समितिमा दर्ता भएको मुद्दाको संख्या तथा न्यायिक समितिमा कुनै पनि कर्मचारी कार्यरत नरहेको हुँदा न्यायिक समितिको निर्णय बमोजिम कानूनी सल्लाहकारको माग भई आएकोमा विगतदेखि नै समितिलाई कानूनी सल्लाहकारको व्यवस्था गर्रिंदै आईएकोमा गाउँपालिकाको मुद्दाको संख्या, प्रकृति र गहनताको हिसाबले कानुनी सल्लाहकार आवश्यक पर्ने देखिएको हुँदा परामर्श सेवा मार्फत एक (१) जना कानूनी सल्लाहकारको व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(१०)**

प्रस्ताव नं.(१०) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाको चार पाङ्ग्रे सवारी साधन गाडी भाडा तथा गाडी मर्मत गर्न मेकानिकल ईन्जिनियरको ईस्टिमेट र मर्मत आदेश अनुसार पेश भएको तपसिल बमोजिमको विवरण अनुसार भुक्तानी गर्न बाँकी रहेको बिलहरु भुक्तान गर्ने र भुक्तानी अनुमोदन गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**तपसिल**

| क्र.सं. | गाडी भाडा धनी नाम,थर | मिति | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कूल बहादुर बस्नेत | २०८२।०८।१९ | १८,०६० | |
| | | २०८२।०६।११ | २७,७८५ | |
| | | २०८२।०९।२९ | ६३,००० | |
| २ | तेज लिम्बु | २०८२।०९।२८ | ४५,९०० | |
| ३ | भोजराज श्रेष्ठ | २०८२।०७।०२ | ३१,५०० | |
| ४ | लिला श्रेष्ठ | २०८२।०८।१४ | २३,४०० | |
| | | २०८२।०७।०३ | २७,००० | |

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८४/२०८२/०८३
# मितिः २०८२।०९।३० गते बसेको बैठक

| क्र.स. | विवरण | फर्मको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | प्रहरी चौकी रमाइलोको गाडी (प्र.१-०२-००१ झ -७२४) मर्मत | पशुपति सर्भिसिङ सेन्टर इटहरी | ५३,५००।- | |
| २. | प्रहरी चौकी रमाइलोको गाडी (प्र.१-०२-००१ झ -७२४) मर्मत | पशुपति सर्भिसिङ सेन्टर इटहरी | ३५,०००।- | |
| ३. | शवयात्रा वाहानको गाडी (प्र.१-००४ झ -००२१) मर्मत | इस्टन अटो पोइन्ट इटहरी | ३८,०८७।- | |
| ४. | बा.१ झ ८४८३ गाडी मर्मत | पाथिभरा अटो कियर प्रा.लि. इटहरी | १,९०,०००।- | |
| ५. | को १ ब ५५७ गाडी मर्मत | सरु सर्भिसिङ सेन्टर | १,२०,०००।- | |
| | | **जम्मा रकम** | **४,३६,५८७।-** | |

**निर्णय नं.(११)**

प्रस्ताव नं.(११) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाको कर्मचारीहरुको तहवृद्धिको लागि तपसिल बमोजिमको कर्मचारीलाई तह वृद्धि समिति गठन गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**तपसिल**

१. श्री हिरा कुमारी यादव - अध्यक्ष

२. श्री रेश्मा राई - सदस्य

३. श्री मचिन्द्र कुमार थलङ लिम्बु - सदस्य

**निर्णय नं.(१२)**

प्रस्ताव नं.(१२) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका अन्तर्गत सात वटै वडाको विभिन्न स्थान तथा सडकहरु/बाटाहरुमा अव्यवस्थित रुपमा विधुत पोल रहेकाले सोको व्यवस्थापन गर्न कानेपोखरी गाउँपालिकाले विधुत प्राधिकरण रङ्गेलीलाई पठाइएको मिति २०८२।०९।२३ को पत्रानुसार नै गाउँपालिकाको सात वटै वडाहरुमा तपसिल बमोजिमको निर्माणाधीन सडकहरु/बाटाहरुमा देहायको संख्यामा विधुतपोल स्थानान्तरण गर्ने तथा उक्त पोल स्तानान्तरण गर्न लाग्ने प्राविधिक लागत अनुमान बमोजिम कार्य अगाडी बढाउन गाउँ कार्यपालिकाको निर्देशन दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**तपसिल**

| क्र स | सडक | वडा | पोल संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | सेतेचोक सडक | १ | १३ | |
| २ | कालिस्थान माझी टोल | २ | ४ | |
| ३ | राजवंशी टोल सडक | २ | १५ | |
| ४ | सलबले चोक | ३ | ३ | |
| ५ | मिलन चोक दोहमना सडक | ३ | ४ | |
| ६ | रिमालचोक धम्कुवा | ४ | ४ | |
| ७ | कानेपोखरी अस्पताल | ४ | ३ | |
| ८ | नारायण चोक उत्तर पट्टी | ४ | १ | |
| ९ | प्रणामी डाँडा- धम्कुवा सडक | ४ | १५ | |

| | | | | |
|---|---|---|---|---|
| १० | रमाइलो दोहमना सडक | ४ | ५ | |
| ११ | मानेचोक उत्तर भट्टराई घरछेउ सडक हाइटेन्सन | ५ | २ | |
| १२ | घलेटोल सडक | ५ | ३ | |
| १३ | विहीबारे उत्तर मिलन चोक उप्रेति घरछेउ | ६ | १ | |
| १४ | पच्चीस विघे ह्यमुपाइप छेउ | ७ | २ | |
| १५ | विहारी टोल - बोहोरा टोल | २ र ५ | ८ | |
| | | जम्मा संख्या | ८३ | |

## निर्णय नं.(१३)

प्रस्ताव नं.(१३) का सम्बन्धमा छलफल गर्दा २ पाङ्ग्रे सवारी साधन १-थान कानेपोखरी गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका,२०७८ को परिधि भित्र रहेर खरिद प्रकृया अगाडी बढाउने निर्णय सर्वसम्मतबाट पारित गरियो।

## निर्णय नं.(१४)

प्रस्ताव नं.(१४) का सम्बन्धमा छलफल गर्दा गाउँपालिकाको अध्यक्षज्यू श्री राजमति ईङ्गनामले मिति २०८२।०५।०1 देखि मिति २०८२।०९।३० सम्म ७ दिन भन्दा बढी कार्यालयको कामको सिलसिलामा विभिन्न मितिमा भ्रमण गर्नु भएको भ्रमण आदेश अनुमोदन गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

## निर्णय नं.(१५)

प्रस्ताव नं.(१५) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपलिकाको क्षेत्रधिकारमा रहेको सहकारी संस्थाहरुमध्ये उद्यमी सहकारी संस्था एकमात्र रहेको र बजार प्रणाली विकासका लागि उद्यमी सहकारी सँग सोही (श्री दिगोपन सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड, कानेपोखरी-६) सँग सोही संस्था मातहतमा रहेको पशु वधस्थलमा मेसिन, बजार, आधुनिक प्रविधि एवम् बजारीकणका लागि समेत हुने गरी सो संस्थासँग साझेदारी कार्यक्रम सञ्चालन गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

## निर्णय नं.(१६)

प्रस्ताव नं.(१६) का सम्बन्धमा छलफल गर्दा यस कानेपोखरी गाउँपालिकाको कार्यालयमा रहेको ३ पाङ्ग्रे ई-रिक्सा गाडी "कानेपोखरी गाउँपालिकाको स्वरोजगार सञ्चालन कार्यविधि,२०८१" बमोजिम तपसिलका व्यक्तिहरुलाई तीन पाङ्ग्रे ई-रिक्साको खरिद मूल्य रु.२,४६,०००।—(भ्याट र बीमा सहित) को ३०% हुन आउने रकम अनुदान रुकम रु.७३,८०० अनुदानको रुपमा प्राप्त हुने भएकाले बाँकी रकम रु.१,७२,२००।- गाउँपालिकाको खातामा जम्मा गरी वितरण गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८४/२०८२/०८३
# मितिः २०८२।०९।३० गते बसेको बैठक

तपसिल

| क्र.सं. | नाम थर | ठेगाना | वैदेशिक रोजगारमा गएका देश | कैफियत |
|---|---|---|---|---|
| १ | भक्त बहादुर ओझा | कानेपोखरी-१ | मलेसिया | |
| २ | कमल बहादुर पाण्डे | कानेपोखरी-२ | मलेसिया | |
| ३ | हरिहर सापकोटा | कानेपोखरी-३ | कतार र मलेसिया | |
| ४ | शंकर बहादुर कार्की | कानेपोखरी-५ | साउदी | |
| ५ | हर्कनाथ लिम्बु | कानेपोखरी-६ | साउदी | |
| ६ | रुद्र प्रसाद दाहाल | कानेपोखरी-७ | कतार | |

**निर्णय नं.(१७)**

प्रस्ताव नं.(१७) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी अस्पतालको O & M सर्वेक्षण गर्न कानेपोखरी गाउँपालिकाको कार्यालय, कानेपोखरी अस्पताल व्यवस्थापन समितिलाई O & M सर्वेक्षण कार्य सम्पन्न गरी आगामी हिउँदे गाउँ सभाको अधिवेशन पूर्व कार्यपालिकामा बैठकमा पेश गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(१८)**

प्रस्ताव नं.(१८) का सम्बन्धमा छलफल गर्दा मिति २०८२/०५/२४ गतेका दिन जेन्जी आन्दोलनमा भौतिक सम्पत्ति आगलागी, तोडफोड गरी क्षति पुर्‍याएकोले उक्त सामानहरुको खरिद तथा मर्मत गर्न विपद व्यवस्थापन कोषबाट मर्मत कार्य गर्ने तथा अनुमोदन गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

तपसिल

| क्र.स. | सामानको विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १. | गाउँ कार्यापालिकाको कार्यालय भौसाबारी, ५ वटा वडा कार्यालयहरुमा बिद्युतिय तथा वायरिङका सामाग्रीहरु फेन बल्ब लयायत र कम्वोड, वेसिन तथा प्लम्बिङ्ग सामाग्रीहरु | रु.४००,०००।- | |
| २. | गाउँ कार्यपालिकाको कार्यालय भौसाबारी, ५ वटा वडा कार्यालयहरु र २ वटा आधारभूत स्वास्थ्य चौकीमा दराज,टेवुल कुर्ची लागायतका फर्निचरका सामान | रु.१८,००,०००।- | |
| ३. | गाउँ कार्यपालिकाको कार्यालय भौसाबारी, ५ वटा वडा कार्यालयहरु र २ वटा आधारभूत स्वास्थ्य चौकीमा कम्प्युटर, ल्यापटप, प्रिन्टर लगायतका सामाग्रीहरु | रु.१००,०००।- | |
| ४. | योजनाशाखा अनुसूचि तथा लेटरप्याड, अनुसूचिहरु, पञ्जिकरण रजिष्टर लगायतका सामाग्रीहरु तथा जलेका पुराना राजपत्र, घर निर्माण तथा अभिलेखिकरणका किताब जस्ता सामाग्रीहरु छपाई | रु.३,००,०००।- | |

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८४/२०८२/०८३
# मितिः २०८२।०९।३० गते बसेको बैठक

| | | | |
|---|---|---|---|
| ५. | गाउँ कार्यापालिकाको कार्यालय भौसाबारी, र ५ वटा वडा कार्यालयहरु रंग रोगन गर्ने कामदार खर्च | रु.१,३०,०००।- | |
| ६. | गाउँ कार्यापालिकाको कार्यालय भौसाबारी,५ वटा वडा कार्यालयहरु विद्युत वायरिङ प्लम्विङ, फेन वत्ती जडान,कम्वोड,वेसिन जडान कामदार खर्च | रु.१,२०,०००।- | |
| ७. | पशुपंक्षीको औषधी तथा मेडिकल/सर्जिकल सामाग्री/भ्याक्सिन फ्रिज लगायतका सामाग्रीहरु खरिद | रु.१०,००,०००।- | |
| ८. | मानवीय औषधी तथा सर्जिकल सामाग्रीहरु खरिद | रु.५,००,०००।- | |
| ९. | गाउँ कार्यपालिकाको कार्यालय भौसाबारी, ५वटा वडा कार्यालयहरु र २ वटा आधारभूत स्वास्थ्य चौकीमा इन्टरनेटमा सामाग्री खरिद तथा जडान | रु.२,५०,०००।- | |
| १०. | पञ्जिकरण उपशाखामा बायोम्याट्रिक डिभाइस खरिद ५ थान खरिद | रु.७५,०००।- | |
| ११. | नगरप्रहरी संचार डिभाइस तथा साइरन खरिद,फायर एक्टिनग्युसर चेन स लगायतका सामाग्री खरिद | रु.१,००,०००।- | |
| १२. | ब्याट्री ,स्टेविलाइजर,इन्भर्टर लगातयका सामाग्री खरिद | रु.१०,००,०००।- | |
| १३. | कार्यालयको जेनेरेटर,स्टेविलाइजर,इन्भर्टर मर्मत | रु.१,००,०००।- | |
| १४. | कम्प्युटर,फोटोकपी, प्रिन्टर मर्मत | रु.६०,०००।- | |
| १५ | फोटोकपी, कार्टेज, नेपाली कागज,फायल,पन्चिङ,बलपेन, लागायतका जिन्सी मसलन्द सामाग्रीहरु खरिद | रु.५,००,०००।- | |
| १६. | पानी फिल्टर ५ वडा कार्यालयमा खरिद | रु.१,००,०००।- | |
| १७. | कानेपोखरी-आइतवारे सडक वत्ति जडान | रु.३६,३१८।- | |
| १८. | हात्ति बाट सुरक्षित हुन लाइट जडान कानेपोखरी ५र ७ | रु.८२,००४।- | |
| जम्मा | | रु.६६,५३,३२२।- | |

### निर्णय नं.(१९)

प्रस्ताव नं.(१९) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाको संगठन तथा व्यवस्थापन ( O & M ) सर्वेक्षण गर्न कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालयलाई आगामी हिउँदे गाउँ सभाको अधिवेशन पूर्व कार्यपालिकामा बैठकमा पेश गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८४/२०८२/०८३
# मितिः २०८२।०९।३० गते बसेको बैठक

**निर्णय नं.(२०)**

प्रस्ताव नं.(२०) का सम्बन्धमा छलफल गर्दा नेपाल विद्युत प्राधिकरण,कोशी प्रादेशिक कार्यालय,रङ्गेली वितरण केन्द्र,मोरङलाई यस कानेपोखरी गाउँपालिकाको प.सं.२०८२।०८३, चलानी नं.८९५ मिति २०८२।०९।०९ गतेको पत्रबाट कानेपोखरी गाउँपालिकाको वडा नं.१ देखि वडा नं.७ सम्म सिंचाई एवमं घर बत्तीको लागि विद्युत लाईन विस्तार गर्न बोलपत्र नं. NEA –RDC-2082/083-NCB-01 LT Line Construction Works कार्यको लागि रु.१० लाख लागत साझेदारी व्यहोर्ने प्रतिवद्धता अध्यक्षस्तरबाट भएकोमा उक्त प्रतिवद्धता अनुमोदन गरी उक्त रकम रङगेली वितरण केन्द्रको नबिल बैंक लिमिटेड, कर्सिया शाखामा NEA RANGELI DISTRIBUTION CENTER को नाममा रहेको धरौटी खाता नं.००२०१०१७५०५४३७ मा जम्मा रु.१० लाख गर्न कानेपोखरी गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।